# धनौजी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
धनौजी, धनुषा

मधेश प्रदेश, नेपाल


प.सं. २०८१।०८२
च.नं. ६३९

मिति : २०८१।०७२९

**विषय: कृषि मिटर बिल भुक्तानी सम्बन्धमा ।**

श्री वडा कार्यालय १-५, सबै
धनौजी गाउँपालिका, धनुषा ।

प्रस्तुत विषयमा कार्यपालिकको मिति २०८१।०७२७ गते बैठकको निर्णय अनुसार आ.व. २०८१।०८२ को नीति, कार्यक्रम तथा बजेट बक्तव्यमा कृषि विकास तथा सहकारी शिर्षकको बुँदा नं. ९ मा "कृषकहरुलाई सिंचाईको समस्याबाट मुक्त गर्न यसै आ.व. ०८१।०८२ बाट सम्पूर्ण कृषकहरुको कृषि मिटरमा उठेको विल भुक्तानी गरिदिने व्यवस्था गरिनेछ । त्यसबाट उत्पादन बढन गई स्वरोजगार हुन प्रेरणा मिल्नेछ ।" भन्ने उल्लेख भए अनुसार उक्त नीति कार्यान्वयनका लागि स्वीकृति वार्षिक कार्यक्रम अन्तर्गत स्वीकृत **मापदण्ड अनुसार कृषि मिटरमा उठेको विल कृषकहरुको निवेदन माग अनुसार ०८१ साउन महिना देखि असार महिनासम्मको कृषि मिटरमा उठेको विल भुक्तानी कृषकको खातामा भुक्तानी दिने निर्णय भएको व्यहोरा जानकारी गराउँदै सोही सोही अनुसार आफ्नो वडामा सूचना प्रकाशन गरी निवेदन माग संलगन गरी वडा समितिको सिफारिस सहित माग गर्नुहुन अनुरोध छ ।**

**मापदण्ड**

१. **धनौजी गाउँपालिका अन्तर्गतको कृषक हुनुपर्ने ।**

२. **कृषकले प्राप्त गरेको**
   - **कृषि मिटरको कागजात कार्ड - नागरिकता - जग्गाको लालपुर्जा**
   - **कृषकको बैंक खाता नं. र चेकको फोटोकपी**
   - **कृषकले सिंचाई गरेको खेतको क्षेत्रफल र लगाएको उब्जाएको बालीको विवरण**
   - **वडा सिफारिस - ०८१ साउन देखि कृषि मिटरमा उठेको विल रकम बुझाएको रसिद**
   - **कृषकको निवेदन**

**उक्त कागजातहरुको आधारमा कृषि शाखाले विल भुक्तानीको लागि सिफारिस गरे वमोजिम सम्बन्धित कृषिकको खातामा निजको कृषि मिटरमा उठेको विल र तिरेको रसिदको आधारमा भुक्तानी गरिदिने निर्णय गरियो ।**

..............................
सन्तोष कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री आर्थिक प्रशासन शाखा, धनौजी गाउँपालिका, धनुषा ।
श्री प्रशासन शाखा, धनौजी गाउँपालिका, धनुषा ।
श्री कृषि शाखा, धनौजी गाउँपालिका, धनुषा ।

**अवगतार्थ:**
**श्री गाउँपालिका अध्यक्ष/उपाध्यक्षज्यूको कार्यकक्ष, धनुषा ।**

## निवेदनको ढाँचा

मिति :

धनौजी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धनौजी, धनुषा मधेश प्रदेश, नेपाल २०७३

श्रीमान् कार्यालय प्रमुखज्यू,
धनौजी गाउँपालिका, धनुषा
मार्फत
कृषि शाखा, धनौजी गाउँपालिका, धनुषा ।

विषय : **कृषि मिटरमा उठेको विल र तिरेको रसिद वमोजिमको रकम भुक्तानी पाउँ ।**

उपर्युक्त सम्बन्धमा आ.व. २०८१।०८२ को नीति, कार्यक्रम तथा बजेट बक्तव्यमा कृषि विकास तथा सहकारी शिर्षकको बुँदा नं. ९ मा "कृषकहरुलाई सिंचाईको समस्याबाट मुक्त गर्न यसै आ.व. ०८१।०८२ बाट सम्पूर्ण कृषकहरुको कृषि मिटरमा उठेको विल भुक्तानी गरिदिने व्यवस्था गरिनेछ । त्यसबाट उत्पादन बढन गई स्वरोजगार हुन प्रेरणा मिल्नेछ ।" भन्ने उल्लेख भए अनुसार कृषि मिटरमा उठेको विल कृषकहरुको निवेदन माग अनुसार ०८१ साउन महिना .................... महिनासम्मको कृषि मिटरमा उठेको विल रकम नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको रसिद अनुसार रकम मेरो खातामा भुक्तानी गरिदिनु हुन अनुरोध गर्दछु ।

**विवरण :**

कृषकको नाम :
ठेगाना :
कृषि मिटर नं. : सम्पर्क नं. :
नागरिकता नं. : परिवार सदस्य संख्या :
कृषकको बैंक खाता नं. :
कृषकले सिंचाई गरेको खेतको क्षेत्रफल :
लगाएको उब्जाएको बालीको नाम, विवरण :

| | | |
|---|---|---|
| कृषि मिटरमा उठेको महिनाको विल : | महिना | विल रकम : |
| | महिना | विल रकम : |
| | महिना | विल रकम : |
| | महिना | विल रकम : |
| जम्मा | | |

०८१ साउन देखि कृषि मिटरमा उठेको विल रकम बुझाएको रसिद संख्या र रकम :

| | |
|---|---|
| कृषि मिटरको कागजात कार्ड | : पाना थान : |
| नागरिकता नं. | : पाना थान : |
| जग्गाको लालपुर्जा | : पाना थान : |
| चेकको फोटोकपी | : पाना थान : |
| वडा सिफारिस | : प.सं. ०८१।०८२ च.नं. मिति २०८१। |

निवेदक
नाम :
ठेगाना :
सम्पर्क नम्बर